**आ.व. ०७४/७५ को नगर विकास योजना सार्वजनिकीकरण गर्न आयोजित समारोहमा बन्दिपुर नगरपालिकाका कार्यकारी अधिकृतले प्रस्तुत गरेको बार्षिक वजेट बक्तब्य**

बन्दिपुर नगरपालिकाको आ.व. ०७४/७५ को नगर विकास योजना सार्वजनिकीकरण गर्न आयोजित यस कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकारका वन तथा भूसंरक्षण मन्त्री **माननीय शंकर भण्डारी** ज्यू,
विशिष्ट अतिथी व्यवस्थापिका संसद्का **माननीय सांसद् ज्यूहरू,**
विशिष्ट अतिथी तनहूँ जिल्लाका प्रमुख जिल्ला अधिकारी **श्रीमान् फणिन्द्रमणी पोखरेल** ज्यू,
विशिष्ट अतिथी तनहूँ जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी **श्रीमान् बद्रीप्रसाद तिवारी** ज्यू,
तनहूँ जिल्लामा क्रियाशिल सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरू,
भूतपूर्व मन्त्री ज्यू,
जिल्ला प्रहरी कार्यालय तनहूँका प्रमुख/वा प्रतिनिधी ज्यू,
सशस्त्र प्रहरी बल मनकामना गणका प्रमुख/ वा प्रतिनिधी ज्यू,
श्री रामवाण गुल्मका गुल्मपति ज्यू,
नगरपालिकामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरू,
बन्दिपुर नगरपालिका महीला नगर समन्वय समितिका उपाध्यक्ष ज्यू,
बन्दिपुर नगरपालिका अपाङ्ग नगर समन्वय समितिका उपाध्यक्ष ज्यू,
बन्दिपुर नगरपालिका पदपूर्ति समितिका अध्यक्ष ज्यू,
छिमेकी व्यास, शुक्लागण्डकी, भानु तथा आँबुखैरेनी नगरपालिका श्रदेय सहकारी कार्यकारी अधिकृत ज्यूहरू,
तनहूँ जिल्लास्थित विभिन्न विषयगत कार्यालयबाट प्रतिनिधित्व गर्नुहुने प्रमुख तथा प्रतिनिधीज्यूहरू,
तनहूँ उद्योग वाणिज्य संघका अध्यक्ष ज्यू,
गैर सरकारी संस्था महासंघ, तनहूँका अध्यक्ष ज्यू,
नेपाल पत्रकार महासंघ तनहूँ शाखाका अध्यक्ष लगायत सम्पूर्ण पत्रकार ज्यूहरू,
बन्दिपुर अस्पताल विकास समितिका अध्यक्ष ज्यू,
बन्दिपुर नगरपालिका स्थित विभिन्न विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधी ज्यूहरू,
डुम्रेभन्सार शहरी विकास समितिका अध्यक्ष ज्यू,
बन्दिपुर नगरपालिका अन्तर्गतका सबै शैक्षिक संस्थाहरूका प्रमुख तथा प्रतिनिधी ज्यूहरू,
बन्दिपुर खेलकुद विकास समितिका अध्यक्ष ज्यू,
विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरू,
बन्दिपुर नगरपालिका वाल सञ्जालका अध्यक्ष ज्यू,
बन्दिपुर नगरपालिका अन्तर्गतका सबै वडा नागरिक मञ्चका अध्यक्ष लगायत सबै सदस्य ज्यूहरू,
टोल विकास समितिका सदस्य ज्यूहरू,
कार्यक्रममा उपस्थित सम्पूर्ण निजामती, जंगी, प्रहरी, लगायत सबै राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यार्थी, पेशा/ व्यवसायीहरू, लगायत उपस्थित भद्र महिला तथा सज्जन पुरूष ।

१) सर्वप्रथम देशमा लोकतन्त्र स्थापनार्थ विभिन्न समयमा जन आन्दोलनमा ज्यान उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहीतहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

२) मनोरम प्राकृतिक छटा, साँस्कृतिक तथा पर्यटकीय सम्पदाहरूले सिंचित यस बन्दिपुर नगरपालिकाको चौथो नगरपरिषदबाट पारित आ.व. २०७४/७५ को नगर विकास योजनाका नीति, योजना तथा कार्यक्रमहरू आजको यस समारोहमा पेश गर्न पाउँदा आफूलाई गौरभान्वित महशुस गरेको छु ।

३) बन्दिपुर नगरपालिकाको घोषणा नेपाल सरकारको मिति २०७१ बैशाख २५ को निर्णयबाट भई सोही वर्षको जेठ १९ गतेबाट कार्यान्वयनमा आएको कुरा यहाँहरूमा सर्वविदितै रहेको छ । साविकमा रहेका २ गाविसहरूः बन्दिपुर र धरमपानीलाई एकीकृत गरी बनेको यस नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक/साँस्कृतिक साथै पर्यटकीय क्षेत्रहरूको समुचित उपयोग, संरक्षण र प्रवर्धन/ प्रचारप्रसार गर्न सकिएको खण्डमा नगरपालिकाको बृहत्तर विकास गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

४) नगरपालिकाको स्थापना पश्चात नगरवासीहरूको विकास प्रतिको चाहनामा बढोत्तरी भएको छ । जुन स्वभाविक पनि हो । नगरपालिकाको आन्तरिक आयमा उल्लेख्य बृद्धि गरी आवश्यकतामा आधारित नतिजामुखी स्थानीय स्वःशासनको प्रवर्द्धन गर्नु बन्दिपुर नगरपालिकाको प्रमुख चुनौति रहेको छ । प्रयाप्त श्रोतको अभावमा जनचाहना बमोजिमका सम्पूर्ण विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्न नसकिरहेको विद्यमान अवस्था छ । आन्तरिक श्रोतलाई वढाउन सकिएको खण्डमा आउँदा वर्षहरूमा योजना तथा कार्यक्रमहरूमा अपेक्षाकृत वढोत्तरी हुँदै जाने अपेक्षा लिएको छु ।

५) नगरपालिकाको आन्तरिक आयश्रोतले दैनिक प्रशासनिक खर्चलाई समेत धान्न नसकिरहेको विद्यमान अवस्थामा आन्तरिक श्रोतको अभिवृद्धि गर्नै पर्ने बाध्यात्मक अवस्था रहेको छ । आन्तरिक श्रोतलाई वढाउनका लागि चालु आर्थिक वर्षबाट शुरू भैसकेको एकीकृत सम्पत्तिकरको प्रभावकारी निरन्तरता, सबै सरोकारवालासँगको पर्याप्त छलफल पश्चात चालू आर्थिक वर्षबाटै व्यवसायिक कर संकलन गर्ने तथा अन्य कर सम्भाव्यता अध्ययन गरी लागू गर्ने कार्यक्रमहरूमा सबै सरोकारवालाको सकृय सहभागिता र सहयोग हुनेनैछ भन्नेमा आशावादी रहेको छु ।

६) नगरपालिकाको सेवाप्रवाहलाई प्रभावकारी ढङ्गबाट अघि बढाउँदै विकास निर्माणका कामहरू सघन रूपमा कार्यान्वयनका लागि नगरपालिकाको आफ्नै सुविधासम्पन्न भवन अनिवार्य सर्त हो । यस नगरपालिकाका लागि भवन निर्माणमा प्राप्त हुने केन्द्रीय अनुदान घडेरीको अभावमा बर्षेनी खर्च हुन नसकी नेपाल सरकारलाई नै फिर्ता भैरहेको छ । हालको नगरपालिकाको कार्यालय नजिकै रहेको नेपाली सेनाको जग्गालाई नगरपालिकाको नाउँमा ल्याउने र नेपाली सेनाका लागि बन्दिपुर क्षेत्र भित्र नै पर्याप्त जग्गा उपलब्ध गराउने सम्बन्धमा केही अनौपचारिक छलफल प्रारम्भ भएको पनि छ । यसलाई मूर्त रूप दिनको लागि आजका प्रमुख अतिथी माननीय शंकर भण्डारी ज्यूको योगदान नगरवासीहरूले अपेक्षा गरिरहेको बेहोरा समेत आजको यस महत्वपूर्ण समारोहमा निवेदन गर्न चाहन्छु ।

७) व्यवस्थित शहरिकरणका लागि नगरपालिकाहरू स्थापना गरिएका हुन्छन् । नगरपालिका स्थापना पश्चात धेरैजसो विकास निर्माणका कार्यहरूको जिम्मेवारी नगरपालिका आफैमा आउने कुरा सबैमा विदितै रहेको छ । समग्र नगरपालिकाको सर्वपक्षीय विकास निर्माण कुनै एक पक्षीय प्रयास र मिहिनेतले सम्भव पनि हुने होइन । स्थानीय आवश्यकतामा आधारित विकास प्रयासलाई मूर्त रूप दिनको लागि नगरवासीहरूको साथ र सहयोग अपरिहार्य रहेको छ । नवघोषित यस नगरपालिकाका लागि प्रचुर विकासका सम्भावनाहरू सहितका अवसरहरू रहेका छन् भने श्रोत खोजी गरी नगरपालिकाको आयश्रोत बृद्धि गर्ने प्रमुख चुनौति रहेको छ । यी विषयहरूमा सरोकारवाला सबै- विशेषगरी नगरमा क्रियाशिल राजनीतिक दलहरू, बुद्धिजिवी,

उद्योगी, व्यापारी लगायत आम नगरवासीहरू संवेदनशिल भईदिनको लागि म हार्दिक अनुरोध गर्दछु । सबै तह र तप्काबाट प्राप्त हुने साथ र सहयोगलाई शक्तिमा बदली नगरपालिकाको विकास निर्माणलाई नेतृत्व प्रदान गर्नका लागि नगरपालिका कार्यालय सदैव तत्पर रहेको बेहोरा समेत आजको यस समारोहमा अनुरोध गर्न चाहन्छु ।

<u>आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूः</u>

८) अव म गत आ.व. ०७२/७३ को यथार्थ खर्च सहितको संक्षेपीकरण प्रस्तुत गर्दछु ।
गत आर्थिक वर्ष ०७२/७३ को यथार्थ खर्च चालू र पूँजीगत गरी कूल रू ५,१२,९९,२६२।— रहेको छ । उक्त रकम नगरपालिकाभित्र रहेका वालवालिका, महिला, अन्य लक्षित वर्ग लगायत आर्थिक सामाजिक पूर्वाधार निर्माण र प्रवर्धनात्मक लगानीका क्षेत्रहरूमा खर्च गरिएको छ ।

९) अव म गत आर्थिक वर्ष २०७२/७३ समेत चालू आर्थिक वर्षको मंसीर महीना सम्ममा बन्दिपुर नगरपालिकाले हासिल गरेका केही उपलब्धीलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**क.** चालू आ.व. को श्रावण महीना बाटै एकीकृत सम्पत्ति करको प्रारम्भ भएको छ । यसले नगरपालिकाको दीगो आयश्रोतको आधार तयार गरेको छ ।

**ख.** नगरक्षेत्रभित्र पर्न सक्ने सम्भावित आगजनीका घटनाहरूको व्यवस्थापन गर्नको लागि १ थान वारूणयन्त्र खरीद गरिएको छ । विकास निर्माणको कार्यलाई मूर्तरूप दिनको लागि १ थान JCB तथा एक थान Back Hoder समेत खरिद गरिएको छ ।

**ग.** सेवा प्रवाह प्रकृयालाई छिटो, छरितो, प्रभावकारी तथा झन्झटरहीत वनाउनका लागि कार्यप्रकृतिको आधारमा मन्त्रालयबाट प्राप्त संगठन संरचना समेतलाई ध्यानमा राखी नगरपालिका कार्यालयमा विभिन्न शाखाहरुको स्थापना गरी सेवाप्रवाह थालिएको छ ।

**घ.** कार्यालयको अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी तथा सुरक्षित बनाउन सबै शाखाहरुको कामकारवाहीहरूमा कम्प्यूटरको प्रयोगलाई अभिबृद्धि गरिएको छ । कार्यसम्पादनमा व्यावसायिकता झल्किनुपर्ने मान्यताको प्रवर्द्धन गरिएको छ ।

**ङ.** कार्यालयका महत्वपूर्ण सूचनाहरूको आम नगरवासीहरूमा सहज पहुँचका लागि नगरपालिकाको आफ्नै वेभसाइट निर्माण भै कार्यान्वयमा आइसकेको छ ।

**च.** नगरपालिका कार्यालयलाई प्राप्त हुने आम्दानीको प्रभावकारी व्यवस्थापन तथा वैज्ञानिक लेखांकनका लागि Billing Software Install गरी कम्प्यूटरबाट नै बील जारी गर्ने प्रणालीलाई शुरूवात गरिएको छ । राजश्व शाखामा भएको आम्दानीको विवरण सोझै लेखा शाखाको कम्प्यूटरमा स्थानान्तरण हुने हुँदा आम्दानी विवरण अद्यावधिक राख्न तथा सो सम्बन्धमा सम्बन्धित निकायहरूमा प्रतिवेदन गर्ने कार्य थप व्यवस्थित र वैज्ञानिक बन्दै गईरहेको छ ।

**छ.** कार्यक्रम तथा योजनाहरुको भुक्तानी प्रणालीमा कामको आधारमा Running Bill भुक्तानी गर्ने अथवा सम्पूर्ण कार्यसम्पादन पश्चात मात्र भुक्तानी गर्ने प्रणालीलाई प्रश्रय दिइएको छ । यसले वित्तीय जोखिमलाई न्यूनीकरण गर्ने आधार श्रृजना गरेको छ ।

**ज.** बन्दिपुर नगरपालिकाको सडक गुरूयोजना निर्माणको कार्य सम्पन्न भएको छ । गुरूयोजना निर्माण पश्चात नगरक्षेत्रभित्र सडक विस्तार तथा स्तरोन्नति तथा व्यवस्थित नगरक्षेत्र विकासका लागि बैज्ञानिक आधार निर्माण हुनेछ ।

**झ.** नगरपालिकाको तीनधारा स्थित पिकनिक स्पटलाई व्यवस्थित गर्नको लागि विभिन्न भौतिक निर्माणका कार्यहरू भएका छन् जसले गर्दा पिकनिक कार्यक्रमको लागि आउने पर्यटकहरूलाई सहज भएको छ ।

**ञ.** नगरक्षेत्र भित्र जम्मा २८ थान सौर्य सडक वत्ती जडान गरिएको छ । सौर्य सडक वत्तीको जडानले गर्दा विद्युतीय ऊर्जाको बचत एवम रातमा हुने चोरी लगायत अन्य अवाञ्छित गतिविधीको नियन्त्रणका साथै आवागमनका लागि सहजता भएको छ ।

**<u>आदरणीय दाजुभाइ तथा दिदीवहिनीहरू</u>**

१०) अब म आर्थिक वर्ष २०७४/७५ को बन्दिपुर नगरपालिकाको वार्षिक नीति, योजना तथा कार्यक्रमहरूसहितको नगर विकास योजना तर्जूमा गर्दा लिइएका आधारहरूलाई प्रस्तुत गर्न चाहन्छु ।

११) आगामी आर्थिक वर्षको नगर विकास योजना तर्जुमा गर्दा मूलतः देहायमा उल्लिखित विषयहरूलाई आधार बनाइएको छ ।

**क.** नेपालको संविधानका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व,

**ख.** स्थानीय स्वायत्त शासन ऐन, २०५५

**ग.** स्थानीय स्वायत्त शासन नियमावली, २०५६

**घ.** चौधौं त्रिवर्षीय योजना २०७३/७४- २०७५/७६

**ङ.** नेपाल सरकार नीतिगत निर्णयहरू

**च.** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, निर्देशन तथा नीतिगत निर्णयहरू

**छ.** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९

**ज.** जिल्ला विकास समिति, तनहुँबाट प्राप्त मार्गदर्शन।

१२) आगामी आर्थिक वर्षको नगर विकास योजनालाई नगरपालिकाका विभिन्न टोलवस्ती, टोल सुधार समितिहरू, वडा नागरिक मञ्चहरू, विभिन्न विषयगत समितिहरू, लक्षित समूहहरु, राजनीतिक दलहरू, विषयगत सरकारी कार्यालयहरू तथा गैर सरकारी संघ/संस्था, नागरिक समाज, वुद्धिजीवी वर्ग लगायतबाट प्राप्त सुझाव, वडास्तरीय भेलाबाट आएको प्राथमिकीकरण, एकीकृत योजना तर्जुमा समितिको वैठकको निर्णय समेतलाई ध्यान दिई सहभागितामूलक योजना निर्माणको मर्म मुताविक नगरपालिका बोर्ड बैठकबाट सिफारिस भई नगरपरिषद् बैठकबाट स्वीकृत गरिएको छ ।

**<u>आदरणीय नगरवासी दाजुभाइ दिदिवहीनीहरू:</u>**

१३) चौथो नगर विकास योजनाको कार्यान्वयनका लागि नगरक्षेत्रमा लाग्ने करका दरहरूको निर्धारण गरिएको छ । नगर स्तरीय राजस्व परामर्श समितिको सिफारिमा चालु आ.व. मा लाग्ने करका दरहरूमा कुनै परिवर्तन नगरी आगामी आ,व. का लागि दरहरूको प्रस्ताव गरेको छु । करका दरहरुको विवरण छुट्टै अनुसूचीमा उल्लेख गरिएको छ ।

१४) अब म नगर विकास योजनाले आगामी आर्थिक वर्ष २०७४/७५ का लागि प्रस्तावित गरेका नीतिहरूको संक्षेपीकरण तपसिलमा प्रस्तुत गर्न चाहन्छु । विस्तृत क्षेत्रगत नीतिहरू नगर विकास योजनाको पुस्तिकामा वर्णन गरिएको समेत निवेदन गर्दछु ।

क. बन्दिपुर नगरपालिका समग्रमा सबै बजारी क्षेत्रहरू मात्रैको संयोजन होइन । यस नगरपालिका अन्तर्गत ग्रामीण बस्तीहरूको समेत उल्लेख्य संख्या रहेको छ । आगामी नगरविकास योजनाको तर्जूमामा ग्रामीण वस्तीहरूलाई प्राथमिकतामा राख्ने नीति लिइएको छ ।

ख. बन्दिपुर नगरपालिकाको फोहोर व्यवस्थापन कार्यलाई चालु आर्थिक वर्षबाटै व्यवस्थित गर्न कार्य प्रारम्भ गर्ने नीति लिइएको छ ।

ग. बन्दिपुर नगरपालिका क्षेत्रभित्रका सबै धार्मिक, साँस्कृतिक तथा प्राकृतिक श्रोत र सम्पदाहरूको समुचित विकास गर्दै लैजाने तथा तत् तत् क्षेत्रलाई नगरपालिकाको आन्तरिक आय वृद्धिमा समेत साझेदारी गर्न लगाउने ।बन्दिपुर नगरपालिकास्थित रहेको प्रसिद्ध सिद्ध गुफा लगायत अन्य प्राकृतिक तथा साँस्कृतिक महत्वका क्षेत्रहरुको प्रचार प्रसार गर्ने एबम् बन्दिपुरलाई एक पर्यटकीय गन्तव्यको रूपमा चित्रण गरी नगरपालिकाको आन्तरिक आयमा उल्लेख्य अभिबृद्धि गर्दै नगरबासीका आवश्यकताहरूको संवोधन गर्ने गरी योजना तथा कार्यक्रमहरू लागू गर्दै जाने ।

घ. नगरपालिका क्षेत्रको आवास व्यवस्थालाई थप व्यवस्थित बनाउन नगरक्षेत्रमा निर्माण हुने घर टहराहरूका लागि अनिवार्य रूपमा नगरपालिका कार्यालयबाट पूर्व अनुमति लिनुपर्ने तथा अनुमति नलिई निर्माण भै सकेका घरटहराहरू को छुट्टै अभिलेखीकरण गरी राख्ने ।

ङ. नगरक्षेत्रका महिला, जनजाति, दलित, फरक क्षमता भएका व्यक्ति, वालवालिका, तथा एकल महिला, अल्पसंख्यक, वृद्धवृद्धा समुदाय सहितको लक्षीत क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरू बनाई कार्यान्वयन गर्ने ।

च. नगरक्षेत्रमा कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, आमसञ्चार जगत, सडक, खानेपानी, पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा लगानी अभिवृद्धि गर्दै लैजाने ।

छ. विभिन्न जातजाति, धर्म, संस्कृति मान्ने नगरवासीहरूका सामाजिक, साँस्कृतिक धर्म, संस्कार, परम्परा, भेषभूषाको संरक्षण, संवर्द्धन, एवम् पहिचानको प्रवर्द्धन गर्ने ।

ज. नगर क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमणलाई नियन्त्रण गरी सार्वजनिक जग्गाको संरक्षण गर्ने ।

झ. निजी क्षेत्र र  सहकारी क्षेत्रको साक्षेदारीमा आधारित विकास योजना तथा कार्यक्रमहरूलाई वढावा दिने ।

ञ. नगरक्षेत्रभित्र वातावरणमैत्री विकास निर्माणको पैरवी गर्ने तथा सोही बमोजिम आफ्ना विकास योजनाहरू अघि बढाउने ।

ट. उल्लिखित नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि यथार्थमा आधारित दीर्घकालीन सीटी प्लान निर्माणको प्रकृया शुरू गर्ने।

<u>आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू:</u>

१५) म अब चालु आ.व. को संशोधित अनुमान तथा आगामी आ.व. ०७४/७५ को प्रस्तावित अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१६) चालु आ.व. ०७३/७४ का लागि सहभागितामूलक पद्दतिबाट गत वर्षको परिषद्ले प्रस्ताव गरेका सम्पूर्ण लक्षित क्षेत्रतर्फका एवम् अन्य पूर्वाधार र प्रवर्द्धनात्मक कार्यहरू तर्फका सबै आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न पर्याप्त बजेट विनियोजन गरेको छ

चालु आ.व.को सबै कार्यक्रम सम्पन्न गर्नको लागि पूँजीगत तर्फ कूल ७ करोड ०१ लाख २ हजार संशोधित अनुमान रहेको छ । यसमध्ये नेपाल सरकार निःशर्त केन्द्रीय पूँजीगत अनुदान रू. ३ करोड १२

लाख ३ हजार, नेपाल सरकार केन्द्रीय शःसर्त पूँजीगत अनुदान रू. ७३ लाख ६० हजार, नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रमको सःशर्त पूँजीगत अनुदान रू. १ करोड ३६ लाख ७८ हजार, सडक बोर्ड तर्फको रू. ५८ लाख, स्थानीय शासन सामुदायिक विकास कार्यक्रम तर्फको रू. ७ लाख ७१ र वातावरणमैत्री स्थानीय शासन तर्फको रू. करोड १२ लाख ९० हजार रहेको छ ।त्यसैगरी चालू आ.व. को लागि संशोधित अनुमानित चालू खर्च रू. ३ करोड ८० लाख ५२ हजार रहेको छ । जसमध्ये नेपाल सरकार केन्द्रीय निःसर्त चालू अनुदान रू. ३६ लाख, आन्तरिक चालू खर्च ७६ लाख ३५ हजार, LGCDP चालू खर्च रू. ८ लाख ०२ हजार र सामाजिक सुरक्षा तर्फ रू. २ करोड ६० लाख १५ हजार रहेको छ । चालू आ.व. को लागि चालू र पूँजीगत संशोधित कूल अनुमान रू १० करोड ८१ लाख ५४ हजार रहेको छ । जसमध्ये आन्तरिक चालू खर्च तर्फ संशोधित अनुमान रू. ७६ लाख ३५ हजार मध्ये अपुग हुन आउने कूल रकम २५ लाख ३३ हजार चालू आ.व. बाटै व्यावसायिक कर असूलीबाट सोधभर्ना गर्ने व्यवस्था मिलाएको छु ।

१७) अब म आगामी आर्थिक वर्ष ०७४/७५ मा नगर विकास योजनामा प्रस्ताव गरिएका प्रस्तावित खर्चका विवरणहरू उल्लेख गर्न चाहन्छु ।

१८) आगामी आ.व. ०७४/७५ को लागि कूल बजेट रू. १३ करोड ४१ लाख १५ हजार प्रस्ताव गरेको छु । जसमध्ये चालू खर्च रू. ४ करोड २१ लाख ४३ हजार हुने अनुमान छ । चालूमध्ये नेपाल सरकार केन्द्रीय चालू अनुदान रू ३६ लाख ९० हजार, आन्तरिक चालू खर्च रू. ८४ लाख ५३ हजार र सामाजिक सुरक्षा तर्फ कूल रू. ३ करोड प्रस्ताव गरेको छु ।

१९) त्यसैगरी पूँजीगत तर्फ कूल बजेट ९ करोड १९ लाख ७२ हजार रहने प्रस्तावित अनुमान छ । कूल प्रस्तावित रकममध्ये नेपाल सरकार निःसर्त केन्द्रीय पूँजीगत अनुदान रू. २ करोड ४३ लाख २३ हजार, नेपाल सरकार सःशर्त केन्द्रीय पूँजीगत अनुदान रू. १ करोड, आन्तरिक श्रोत तर्फ रू. २६ लाख ६२ हजार, नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम तर्फ रू. १ करोड ४९ लाख ८७ हजार, स्थानीय शासन सामुदायिक विकास कार्यक्रमको रू. २० लाख , वातावरणमैत्री स्थानीय शासन कार्यक्रमको रू. १ करोड २० लाख, सडक बोर्ड कार्यक्रमका लागि रू. ६० लाख र जगेडा कोष तर्फ प्रस्तावित रकम रू. २ करोड रहेको छ ।

२०) आ.व. ०७४/७५ का लागि वस्ती तथा वडा स्तरबाट छनौट भई आएका योजनाहरूलाई एकीकृत योजना तर्जूमा समितिमा पेश गरी सो समितिले निर्धारण गरेको प्राथमिकताक्रमका आधारमा नै योजनाहरू प्रस्ताव गरेको छु । नगरपालिकाको श्रोतले नपुगेका वडा स्तरबाट छनौट भई आएका योजनाहरूलाई जिल्ला स्तरका विभिन्न विषयगत कार्यालयहरू, जिल्ला विकास समिति तथा केन्द्रीय तहसम्म सिफारिस साथ माग गरी पठाउने व्यवस्था मिलाएको छु । आ.व. ०७४/७५ का लागि नगरपालिका कार्यालयबाट कार्यान्वयन हुने प्रस्तावित योजना तथा कार्यक्रमहरुलाई छुटै अनुसूचीमा उल्लेख गरिएको हुनाले समयाभावका कारणले यहाँ प्रस्तुत गर्न असमर्थ रहेको बेहोरा अनुरोध गर्दछु ।

**<u>आदरणीय दाजुभाइ तथा दिदी वहिनीहरू:</u>**

२१) योजना तथा कार्यक्रमहरूको तर्जूमा गरेर मात्रै तिनीहरूले लिएका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न सकिन्न । अपेक्षित लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिको लागि कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयनको

जरूरी रहन्छ । त्यसैले प्रस्तुत नगर विकास योजनाको सफल कार्यान्वयनमा सम्पूर्ण नगरवासी आम जनताको सकृय सहभागिताको अपेक्षा लिएको छु ।

२२) **अन्त्यमा,** आजको यस समारोहमा आफ्नो कार्यव्यव्तताको वावजुत पनि उपस्थित भैरहनु भएका माननीय प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथीज्यूहरू, लगायत सम्पूर्ण अतिथि महानुभावहरूलाई एकपटक फेरी हार्दीक धन्यवाद प्रकट गर्न चाहन्छु ।

२३) प्रस्तुत नगरविकास योजना तर्जूमाको समयमा अमूल्य मार्गदर्शन, सल्लाह सुझाव प्रकट गरिरहनुहुने श्रदेय श्रीमान् स्थानीय विकास अधिकारीज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै वस्ति तथा वडा स्तरको योजना तर्जुमा बैठकहरूमा सहभागी हुनु हुने सबै नगरवासी दाजुभाइ तथा दिदीबहिनी, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, एकीकृत योजना तर्जूमा समितिका सदस्यज्यूहरू लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

२४) योजना तर्जूमा प्रकृयामा अमूल्य सहयोग गर्नुहुने स्थानीय शासनविज्ञ (Local Governance Expert) श्री सन्तोष पन्थी, नगरपालिका कार्यालयका सबै कर्मचारी साथीहरू, वडा कार्यालयका सबै वडा सचिवहरू, सामाजिक परिचालकहरू लगायत प्रत्यक्ष वा परोक्ष रूपमा प्रस्तुत योजना निर्माणमा सहयोग गर्नुहुने सबैमा धन्यवाद प्रकट गर्दछु । **धन्यवाद !**

इति सम्बत् २०७३ साल पौष महीनाको २९ गते ६ रोज शुभम् ।